M11/1/A1NEP/HP1/NEP/TZ0/XX

22110205

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A1 – HIGHER LEVEL – PAPER 1**
**NÉPALAIS A1 – NIVEAU SUPÉRIEUR – ÉPREUVE 1**
**NEPALÉS A1 – NIVEL SUPERIOR – PRUEBA 1**

Wednesday 11 May 2011 (morning)
Mercredi 11 mai 2011 (matin)
Miércoles 11 de mayo de 2011 (mañana)

2 hours / 2 heures / 2 horas

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N’ouvrez pas cette épreuve avant d’y être autorisé(e).
- Rédigez un commentaire sur un seul des passages.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento.


© International Baccalaureate Organization 2011

*तल दिइएका कविता अथवा निबन्धको टिप्पणी लेख्नुहोस् :*

१.

थकाइले जीउ गलिसक्यो । आँखाले टाढा हेर्न छाडिसके । कान सुन्न चाहँदैन । खुट्टा हिंड्न मान्दैन । हात उठ्न राजी छैन । यसलाई शरीरको अनसन भनूँ कि गान्धीको सत्याग्रह कि नेल्सन मण्डेलाको विद्रोह ? मचाहिं शिथिल शरीरको यस भारीलाई कतै बिसाउन पाए हुन्छ भन्ठान्छु । जति घचघच्याऊ यो शरीरलाई, चेतनाले बसाइँ सरिसकेको मान्छे, झाँकीको टुनामुनामा उठ्छ भन्ने अन्धविश्वासमा के म फेरि फेरि बिउँझन सक्छु र ?

मलाई मुर्दाघर चाहिएको छैन । मसानको एकान्तता, भो पर्दैन । बस्ती बस्ती मसान लाग्ने शून्यतामा मसान त जतातत्तै छ-यहीँ पनि छ, त्यहीँ पनि छ । यहाँ मान्छे बस्दैनन् । त्यसैले कोही मुर्दाघर भन्छन् भने भन्न देऊ । त्यहाँ जरुर देख्नेछौ मलाई पनि र मेरो ढलेको शरीरलाई जो चलहल गर्दैन, जो हलचल गर्दैन, जसको दुखाइपर्यन्त मरिसक्यो र प्रत्येक सासनालाई जो नयाँ जिन्दगीको आरम्भ भन्छ । म यहीँ बस्तीको मान्छे हुँ, यस्तै मान्छेहरूको बस्ती हो शहर, यी गाउँहरू र यो देश पनि ।

मर्छन् भने मर्न देऊ मान्छेहरूलाई । के नै खती होला र यिनीहरूको सरापले, डराएर के म निधार थापी हिडूँ ? पाप गर्नेले पापको दण्ड पाउनुपर्छ । यसबाट मुक्त गरेर तिमी के पाउँछौ र लगातार घचघच्याइरहेछौ ? बाँचेर बोझ बन्नुभन्दा मरेर उपकार हुन्छ भने कसैको, धन्यवाद देऊ त्यस्ता प्रत्येक मर्नेहरूलाई र मलाई पनि कि आहुति पर्खेर कसैको भोलि हेर्न पटक-पटक जिउँदै मर्नु नपरोस् !

पाप गर्नेले मात्रै पाप गर्दैनन् । पाप गर्नेहरू थोरै हुन्छन्, परिणाम भोग्नेहरू धेरै । तिमी पत्याऊ कि नपत्याऊ, यी धेरैले सहिदिने पापबाटै त पाप पलाउँदो रहेछ, पाप बढ्दो रहेछ, पाप फैलिंदो रहेछ । त्यसैले पाप पापीले मात्र गर्ने होइन, पाप नगर्नेले पनि पाप गर्दा रहेछन् । म त्यस्तै पापी हुँ, तिमी त्यस्तै पापी हौ, हामी सबै पापी हौ, जो हरएकको पाप शिर निहुराई थाप्छौं र आशीर्वाद मानेर यसलाई फेरि फेरि त्यसभन्दा चर्को पाप गर्न उक्साइरहन्छौं, फुर्काइरहन्छौं ।

विश्वास गर, मैले भोग्ने गरेको कष्ट मेरो आफ्नै होइन तैपनि पुर्पुरोमा लेखिन्छ र सदैवका लागि लालमोहर बन्छ बाबु-बाजेको बिर्तासरि । पुस्तान-पुस्ताको क्रमबद्ध यो इतिहास नै त जीवनको अभिलेख भई बाँचेको छ । अभिलेख यो विवशताको, अभिलेख यो भिक्षाटनको, अभिलेख यो अनस्तित्वको । शायद यस्तै एकौटा अभिलेख भइदिएका छौं हामी पनि सारा ।

कृष्णचन्द्रसिंह प्रधान, “शब्द ब्रह्म” पाइला : आगतमा टेकेर, (काठमाडौं : साझा प्रकाशन २०४७) पृ.५६-५७ ।

२.

चिहानबाट उठेर
यो घाटबाट उडेर
काँचो वायुको रूपमा
चोर उम्लो ठडाउँदै
को आउँछ मलाई लखेट्न ?
रातको सन्नाटामा ।
शङ्ख र चक्रको ल्याप्चे
लतपतिएका उजुरीको ढड्डा
कम्मरमा बाँधी
क्रोधले आँख्ले लट्ठी बजार्दै
को आउँछ मलाई चपेट्न ?
खोप्रोको अन्धकारमा ।
फँसेर मर्फियसको उटुङ्ग्याइमा
उल्केर ऐश्वर्यको प्रतीक सम्झी
मेरो धीमा मुस्कानलाई
आँखाको उत्तेजित आँखामा
परेलाको टुप्पा टुप्पामा
उमाल्दै घृणा भुलभुल
अपर्झट कुनाबाट उफ्रेर
को आउँछ मलाई दपेट्न ?
जोशिंदै बेकारमा ।
ए ! महको भ्रममा भौंतारिने
पहेंला हरिया डाँस हो !
मेरो नसा नसामा आजभोलि
रस होइन कस बग्छ
चाटेर हेर जिभ्राका जिभ्राले
पाक्न कहिल्यै नथाक्ने
उम्रनेछन् बाह्रमासे खटिरा
खटिरा खटिरा
खटिरा खटिरा

रत्न थापा, "बाह्रमासे खटिरा" <u>समसामयिक साझा कविता</u>, (काठमाडौं : साझा प्रकाशन २०४०) पृ.२१८-२१९ ।